**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

1. प्रधान मन्त्री श्री नरेन्द्र मोदीले 'परीक्षा पे चर्चा' को ९ औं संस्करणमा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो।

2. सर्वोच्च अदालतले पश्चिम बंगालमा एसआईआर मुद्दामा आपत्ति दर्ता गर्ने समयसीमा १४ फेब्रुअरीबाट एक हप्ताका लागि बढाएको छ।

3. केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले हिजो भिडियो कन्फरेन्समार्फत पश्चिम बङ्गालमा धेरै महत्त्वपूर्ण रेल परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुभयो।

4. राशन डिलरहरुले विभिन्न मागहरु लिएर गरिरहेका बन्द भोलिदेखि खोलिने भएको छ।

5. लामागाँउ वेलफेयर सोसाइटीद्वारा आयोजित सुपर गर्ल्स गोल्डकपको चौथो संस्करणको भव्यताको साथमा सम्पन्न भएको छ ।

**प्रधानमंत्री-परीक्षा पे चर्चा**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले आज लोकप्रिय अन्तरक्रियात्मक कार्यक्रम 'परीक्षा पे चर्चा' को ९ औं संस्करणमा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो। आज सार्वजनिक गरिएको दोस्रो भिडियोमा प्रधानमन्त्रीले परीक्षाको समयमा हुने तनाव र चिन्तासँग जुध्ने उपायबारे चर्चा गर्नुभयो । श्री मोदीले विद्यार्थीहरूलाई साना स्टार्टअपको साथ आफ्नो उद्यमशीलता यात्रा सुरु गर्न प्रोत्साहित गर्दै ठूला विचारहरू प्रायः सानो सुरुवातबाट विकसित हुने उल्लेख गर्नुभयो।
अध्ययन र रुचिको सन्तुलन कायम गर्ने विषयमा प्रधानमन्त्रीले विद्यार्थीहरुले अकादमिक र रचनात्मक खोजीलाई अलग वा विपरीत बाटो नमान्ने बताउनु भयो । उहाले भन्नुभयो दुबै उत्तिकै महत्त्वपूर्ण छन् र प्रभावकारी रूपमा सन्तुलित गर्न सकिन्छ। कलात्मक र सिर्जनात्मक सोखले विद्यार्थीहरूलाई शैक्षिक दबाबको कारण हुने तनाव र थकानबाट मुक्ति दिलाउन मद्दत गर्ने कुरामा श्री मोदीले जोड दिनुभयो। जिम्मेवारीको महत्वमा जोड दिँदै प्रधानमन्त्रीले फोहोर नफाल्ने, सडकमा नथुक्ने, ट्राफिक नियम पालना गर्ने, खानाको बर्बादी नगर्नेजस्ता बुनियादी नियम पालना गर्न विद्यार्थीलाई आग्रह गर्दै, अनुशासित दैनिक व्यवहारले राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

बाइट

परीक्षा पे चर्चा कार्यक्रमको उद्देश्य परीक्षाको तनावको बारेमा छलफल गर्नु र परीक्षालाई जीवनको अभिन्न अङ्गको रूपमा मनाउनु हो। यस वर्ष, देवमोगरा, कोयम्बटूर, रायपुर, गुवाहाटी र दिल्लीको 7, लोक कल्याण मार्गमा परीक्षा योद्धाहरूसँग अन्तरक्रियात्मक सत्रहरू आयोजित गरिएको थियो। शिक्षा मन्त्रालयका अनुसार माईगभ पोर्टलमार्फत चार करोड पचास लाखभन्दा अधिक विद्यार्थी, शिक्षक र अभिभावकले यस कार्यक्रमका लागि दर्ता गराएका छन् ।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल**

सर्वोच्च अदालतले पश्चिम बंगालमा एसआईआर मुद्दामा आपत्ति दर्ता गर्ने समयसीमा १४  फेब्रुअरीबाट एक हप्ताका लागि बढाएको छ। मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्त, न्यायमूर्ति जोयमलय बागची र न्यायमूर्ति एनवी अंजारीको बेन्चले राज्य सरकारलाई एसआईआरको कामका लागि निर्वाचन आयोगलाई समूह बी अधिकारीहरू उपलब्ध गराउन निर्देशन दिएको हो। यसले आयोगका माइक्रो अब्जर्भरलाई स्थान लिन सक्छ । अदालतले दावी र आपत्तिमा अन्तिम आदेश मतदाता दर्ता अधिकृतले मात्र लिन सक्ने र माइक्रो अब्जर्भरले मात्र सहयोग गर्न सक्ने बताएको छ । अदालतले राज्य पुलिस महानिर्देशकलाई एसआईआर अधिकारीहरू विरुद्ध हिंसा रोक्न र धम्की र असफलताको बारेमा निर्वाचन आयोगले उठाएका मुद्दाहरूमा व्यक्तिगत हलफनामा दायर गर्न पनि निर्देशन दिएको छ। अदालतले यो प्रक्रियामा कसैलाई पनि अवरोध गर्न नदिने बताएको छ । यस विषयमा अदालतले आवश्यक आदेश वा स्पष्टीकरण जारी गर्नेछ ।

## विशेष गहन पुनरीक्षण

सर्वोच्च अदालतमा एसआईआरमा महत्वपूर्ण सुनुवाइ अघि पश्चिम बंगाल सरकारले भारतीय निर्वाचन आयोगलाई एसआईआर प्रक्रियाको लागि राज्यका ८,५०५ समूह 'बी' अधिकारीहरू उपलब्ध गराउन तयार रहेको जनाएको छ।
**पछिल्लो सुनुवाइका क्रममा मुख्यमन्त्री ममता बनर्जीले राज्यमा माइक्रो अब्जर्भरको नियुक्तिमा आपत्ति जनाउनु भएको थियो । उहाले पश्चिम बंगालमा मात्र माइक्रो अब्जर्भरको नियुक्ति गरिएको दाबी गर्नुभएको थियो । निर्वाचन आयोगका तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता राकेश द्विवेदीले अदालतलाई राज्य सरकारले एसआईआरका लागि पर्याप्त समूह 'बी' अधिकारीहरू उपलब्ध नगराएको, जसका कारण माइक्रो पर्यवेक्षकहरूको नियुक्ति आवश्यक रहेको बताएका थिए। आयोगका अनुसार, त्यस समयमा केवल ८० समूह 'बी' अधिकारीहरू, जस्तै सब-डिभिजनल मजिस्ट्रेटहरू, एसआईआरको सुपरिवेक्षणको लागि दिइएको थियो। डिसेम्बर २०२५ मा प्रकाशित राज्यको ड्राफ्ट मतदाता नामावलीबाट करिब ५८ लाख मतदाताहरूको नाम हटाइएको थियो। यी मेटाइएका घटनाहरू मृत्यु, स्थायी ठेगाना परिवर्तन वा मतदाता पत्ता नलाग्ने जस्ता श्रेणीहरूमा गरिएको थियो। यसबाहेक, 'तार्किक निःसंदिग्धीकरण' श्रेणीमा लगभग १.३६ करोड मतदाताहरूको पहिचान गरिएको थियो, जसलाई मुख्य निर्वाचन अधिकारीले प्रमाणिकरण सुनुवाइका लागि नोटिस पठाएका थिए।**

## अश्विनी-पश्चिम बंगाल रेलवे परियोजना

केन्द्रीय रेल मन्त्री श्री अश्विनी वैष्णवले हिजो भिडियो कन्फरेन्समार्फत पश्चिम बङ्गालमा धेरै महत्त्वपूर्ण रेल परियोजनाहरूको उद्धाटन र लोकार्पण गर्नुभयो। श्री वैष्णवले सूरी रोड ओभर ब्रिजको उद्धाटन गर्नुभयो यस्तै आसनसोलको कुमारपुर रोड ओभरब्रिज राष्ट्रलाई समर्पित गर्नुभयो र नयाँ आसनसोल-बोकारो रेल सेवालाई झण्डा देखाउनुभयो। उद्धाटन समारोहमा विपक्षी दलका नेता सुवेन्दु अधिकारी र रेलवेका वरिष्ठ अधिकारीको उपस्थिति थियो । सुरी रोड ओभरब्रिजले नागरिकहरूको लागि आवागमन सुविधा पुर्याउने अपेक्षा गरिएको छ। यस्तै, कुमारपुर रोड ओभरब्रिजले औद्योगिक क्षेत्रमा व्यापार गर्न सहज बनाउनुका साथै भीडभाड कम गर्नेछ । आसनसोल र बोकारो स्टिल सिटी बिचको रेल सेवाले क्षेत्रीय संपर्कलाई महत्त्वपूर्ण बढावा दिन्छ। यो रेल पश्चिम बर्दवान, पुरुलिया र बोकारो जिल्ला हुँदै जानेछ । यो सेवाले हजारौं औद्योगिक मजदुर र दैनिक यात्रुहरूलाई फाइदा पुर्याउनेछ, जसले आर्थिक वृद्धि र पश्चिम बंगाल र झारखण्ड बीचको अन्तरराज्यीय संबंधलाई बलियो बनाउनेछ।

## प्रवर्तन निदेशालय

पश्चिम बंगालमा हुन लागेको विधानसभा चुनावअघि केन्द्रीय अनुसन्धान एजेन्सीहरुको सक्रियता फेरि चर्किएको देखिन्छ । प्रवर्तन निर्देशनालयले कोइला तस्करीको मामिलामा बुबुद पुलिस स्टेशनका प्रभारी मनोरञ्जन मण्डललाई बोलाएको छ। यसै महिनाको सुरुवातमा ईडीले मनोरञ्जन मण्डलको घरमा छापा मारेको थियो जसमा कैयौँ महत्वपूर्ण कागजातहरू बरामद गरिएको थियो । सोही कार्यका आधारमा उनलाई आज सोधपुछका लागि बोलाइएको छ । स्रोतका अनुसार कुख्यात लालाका नजिकका सहयोगी चिन्मय मण्डललाई पनि सोही मुद्दामा ईडीले बोलाएको छ । अनुसन्धान एजेन्सीहरूले चिन्मय मण्डल कोइला तस्करीको नेटवर्कमा एक प्रमुख लिंक र कथित मास्टरमाइन्ड भएको दाबी गरेका छन्। यसअघि ईडीले चुनावी रणनीतिकार संस्था आई-पैकका प्रमुख प्रतीक जैनको घर र कार्यालयमा पनि छापा मारेको थियो, जसले राजनीतिक विवादलाई अझ गहिरो बनाएको थियो।

यो कुरा उच्च अदालत र सर्वोच्च अदालतसम्म पुग्यो । त्यसपछि ईडीका निर्देशक राहुल नवीनले कोलकाता पुगेर वरिष्ठ अधिकारीहरुसँग बैठक गरे । बैठकमा कोइला, बालुवा लगायत कैयौँ ठूला विषयमा भएको प्रगतिको समीक्षा भएको थियो । यसपछि कोइला तस्करी मुद्दाको अनुसन्धानलाई तीव्रता दिइएको थियो ।

## राशन डिलर

राशन डिलरहरुले विभिन्न मागहरु लिएर गरिरहेका बन्द भोलिदेखि खोलिने भएको छ। आज रङ्गबुलमा जीटीए प्रमुख अनित थापासित सभा भएपछि राशन दोकानहरुले भोलिदेखि आफ्ना दोकानहरू खोल्ने भएका छन्। रङ्गबुलमा आयोजित सभामा जीटीए प्रमुख कार्यपाल अनित थापा, डेपुटी चेयरम्यान राजेस चौहान लगायत दार्जिलिङ जिल्ला र कालेबुङ जिल्ला कन्ट्रोलरहरु, दार्जिलिङ-कालेबुङ जिल्ला फेयर प्राइज शप्स डिलर जोइन्ट एक्शन कमिटीका पदाधिकारीहरूको उपस्थितिमा उक्त निर्णय गरिएको छ।
यस अवसरमा खाद्य विभागका मुख्य सचिव, एमआईसी खाद्यान्न अनि जीटीए प्रमुखको अनुरोधमा राशन दोकानहरु बन्द अहिलेलाई स्थगित गरिएको र भोलि मंगलबारदेखि राशन वितरण गरिने जानकारी फेयर प्राइज शप्स एसोसिएशन खरसाङका सचिव अजय प्रधानले जानकारी गराएका छन्।
उल्लेखनीय छ, विभिन्न मागहरु लिएर दार्जिलिङ र कालेबुङ जिल्ला फेयर प्राइज शप्स एसोसिएशनको तत्वावधानमा गत 1 फरवरीदेखि राशन दोकानहरु बन्द गरेर धारना प्रदर्शन चलिरहेको थियो।

## अनित थापा

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले तकलिङ पेशाेक समष्टिमा आज विभिन्न परियोजनाहरुको शिलान्यास गरेका छन्।
कार्यक्रममा आफ्नाे सम्बोधनमा जीटीए प्रमुख अनित थापाले यी परियाेजनाहरूकाे शिलान्यास सरकारसँगको सहकार्यको परिणाम रहेकाे बताउनु भयो। उहाले सरकारसँग विरोधी भएर होइन, तर पहाडको उन्नतिको निम्ति मिलेर काम गर्ने सिद्धान्तलाई अपनाएर कार्य गरेको बताउदै त्यसैले पहाडमा विस्तारै भए पनि विकासका योजनाहरू कार्यरूपमा परिणत भइरहेको बताउनु भयो।

## साङमा

साङमा रानीबन प्राथमिक पाठशालादेखि चिन्हारी गावँ हुँदै कोठी गाउँसम्म जाने लगभग ३किमी  बाटोको निर्माण कार्य आजदेखि विधिवत रुपमा आरम्भ गरिएको छ । २ करोड ८० लाखको लागतमा निर्माण  हुन गइरहेको उक्त बाटोको सन्दर्भमा यहाँका स्थानीय समाजका प्रतिनिधिहरुले वर्तमान जिटिए कार्यपाल अनित  थापा  पोख्रेबुङ चामुङ समष्टिका सभासद  नोबल बम्जन लगायत पार्टी प्रतिनिधिवर्गप्रति आभार व्यक्त गरेका छन्। आजको यस भूमि पूजन कार्यक्रममा सभासद नोबल बम्जन,साङ्गमा/टर्जम चियाबारीका प्रबन्धकगण,स्थानीय समाजका प्रतिनिधि सदस्यहरू लगायत समष्टिका पदाधिकारीवर्गको विशेष उपस्थिति  रहेको थियो ।

## फ्लोरी कल्चर

मिरिक फ्लोरी कल्चर सोसाइटीको आयोजनामा आगामी २७ फरवरीदेखि १ मार्चसम्म मिरिकमा तीन दिवसीय पुष्प प्रदर्शनी आयोजना हुने भएको छ। उक्त प्रदर्शनी मिरिक एकोरिएम परिसरमा सञ्चालन हुने मिरिक फ्लोरी कल्चर सोसाइटीले जनाएको छ। यस सम्बन्धमा आज मिरिक एकोरिएम परिसरमा आयोजित प्रेस भेलामार्फत जानकारी दिइएको हो। प्रेस भेलामा सोसाइटीका अध्यक्ष बी. के. राई, उपाध्यक्ष विराज राई, सचिव धिरज राई, कोषाध्यक्ष राजेन राई तथा संयुक्त सचिव आनन्द राईको उपस्थिति रहेको थियो। प्रदर्शनीमा विशेष गरी अर्किड सिम्बिडियमका विभिन्न नयाँ–नयाँ भेराइटीका फूलहरू, मौसमी फूलहरू लगायत आकर्षक पुष्पहरू प्रदर्शन गरिने जानकारी दिइएको छ। साथै प्रदर्शनी स्थलमै फूलहरूको खुला बिक्री समेत गरिने सोसाइटीले जनाएको छ। यसैगरी, जिल्लाभरिका फूल खेती गर्ने किसान तथा व्यवसायीहरूलाई आफ्नो फूल बिक्री गर्न सहज होस्

भन्ने उद्देश्यले स्टलहरूको व्यवस्था पनि गरिने बताइएको छ। फूल बिक्रीका लागि स्टल लिन इच्छुक व्यक्तिहरूले मिरिक फ्लोरी कल्चर सोसाइटीसँग सम्पर्क गर्न सोसाइटीले आग्रह गरेको छ। पुष्प प्रदर्शनीले मिरिकको पर्यटन प्रवर्द्धनसँगै स्थानीय फूल व्यवसायलाई थप प्रोत्साहन पुग्ने अपेक्षा गरिएको छ।

**(क्रामाकपा)**

क्रान्तिकारी मार्क्सवादी कम्युनिष्ट पार्टीको आयोजनामा नयाँ दिल्लीको जन्तर मन्तरमा अलग राज्य गोर्खाल्याण्डको मागमा धरना प्रदर्शन गरिएको छ। क्रामाकपाले दर्जनौंपल्ट दिल्लीको जन्तर मन्तरमा धर्ना प्रदर्शन गरिसकेको छ। यस धारनामा वक्ताहरूले अलग राज्यको मागको आवश्यकता र सरकारको आश्वासनलाई उजागार गरे। दिन प्रतिदिन बंगाल सरकारका े गोर्खा जातिमाथि दमन र उत्पीडन बडिरहँदा पनि केन्द्र सरकारले गोर्खा मुद्दा समाधान गर्न ढिलाई गर्नको के कारण छ भन्ने प्रश्न उठाएका छन्।

**फुलबाड़ी**

फूलबारीस्थित १२ बटालियनमा प्रशिक्षणका क्रममा एक सिविक वॉलंटियरको मृत्यु भएपछि सोमबार बिहान सो क्षेत्रमा ठूलो सनसनी फैलिएको छ । मृतक एक सिविक वॉलंटियर माथाभाङ्गा थाना क्षेत्रमा कार्यरत थिए । जानकारी अनुसार पिडित तालिमका सिलसिलामा फूलबारी १२ बटालियनको पुलिस ब्यारेकमा आएका थिए । जानकारी अनुसार हिजो राति उनले आफ्ना सहकर्मीहरूसँग खाना पछि सुत्न गएको भए पनि आज बिहान लामो समयसम्म कुनै प्रतिक्रिया नपाएपछि सहकर्मीहरू उनको कोठामा गए र उनलाई निर्जीव अवस्थामा फेला पारे। यो तुरुन्तै बटालियन अफिसरहरूलाई रिपोर्ट गरियो।

लामागाँउ

महिला ससक्तीकरणको मुल नाराको साथमा लामागाँउ वेलफेयर सोसाइटीले लामागाउँ दार्जिलिङको आयोजनामा आयोजित सुपर गर्ल्स गोल्डकपको चौथो संस्करणको फाइनल हिजो भव्यताको साथमा सम्पन्न गरियो। कार्यक्रममा प्रमुख अतिथिको रूपमा नेपालको राष्ट्रिय महिला खेलाडी प्रिति राई थिइन भने उनीवाहेक पुलबजार थाना प्रभारी विवेक राई, विकरण फाउन्डेसन प्रमुख विक्रम राई समाजसेवी साकाल देवान र विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो। विविध रगारग कार्यक्रमको साथमा आयोजित फाइनल खेल सीएसए गान्तोक बनाम सिङलिङ महिला फुटबल दल सिक्किममाझ खेलियो। निक्कै रोमाञ्चक रूपमा भएको खेल निर्धारित समय बराबरीमा सकिएपछि खेल ट्राइ ब्रेकरमा पुगेको थियो जहाँ CSA गोन्तोकले सिङ्गलिङ्गलाई हराउँदै चौथो ससकरणको विजेता बन्दै नगदसहितको पुरस्कार हासिल गरेको थिए भने सिङलिङ उपबिजेतामा चित्त बुझाएको थियो। यसैबीच आयोजक समितिले नेपाली रास्टिय दलकि सदस्य राईलाई सम्मान समेत गरेको थियो।

**तीनधारे**

खरसाङको तीनधारे महानदी समष्टि अन्तर्गत सिविटारको गैरी गाउँदेखि सिविटार तितिरी खेल मैदानसम्म पुग्ने रोडको मरमत्ति कार्य आज विधिवत शिलान्यास सम्पन्न गरिएको छ। आईआरडीएफमार्फत् निर्माण गरिएको उक्त रोडको अवस्था वर्तमानमा सा ेचनीय बनेकाले यस रोडको मरमत्ति कार्य शुरु शुरु गरिएको छ। कार्यक्रममा कर्माध्यक्ष दावा वाङ्दी लामा, पञ्चायत सदस्य राजीव तामाङ लगायत भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा 262 बुथका पदाधिकारीहरु र स्थानीयहरु उपस्थित रहेका थिए। शिलान्यास कार्यक्रम विषयमा बोल्दै महानदी ग्राम पञ्चायतका पञ्चायत सदस्य राजीव तामाङले आईआरडीएफ मार्फत् निर्माण गरिएको यस रोडको मरमत्तिको कार्य शुरू भइरहेका े बताए। उनले या े रोड गत बर्खाको समयमा निक्कै क्षतिग्रस्त भएको बताउँदै यस रोडका विभिन्न स्थानहरुमा भएको क्षतिको मरमत्ति गरिने बताए भने यस कार्यको लागि जीटीए प्रमुख अनित थापालाई धन्यवाद दिएका छन्।

**अर्धनग्न शव**

सिलीगुड़ी महकमाको फानसिडेवा थाना क्षेत्रमा एक पुरुषको अर्धनग्न शव भेटिएपछि सनसनी फैलिएको छ। महानन्दा नहरको पावर हाउसमा रहेको झमकलाल जोतबाट सोमबार शव बरामद गरिएको हो। जानकारी अनुसार बिहानैदेखि शव बालुवाको थुप्रोमा लडिरहेको थियो।

**मौसम**

मौसम विभागका अनुसार आज कोलकाता र वरपरका क्षेत्रको मौसम पूर्ण रूपमा सफा र सुख्खा रह्यो। यदापी वर्षाको सम्भावना नरहेको र मुख्यतः आकाश सफा रहनेछ। मौसम पूर्वानुमानअनुसार अधिकतम तापक्रम २७ डिग्री सेल्सियसको हाराहारीमा रहने र न्यूनतम तापक्रम १५ डिग्रीको हाराहारीमा रहने सम्भावना छ। तर कुनै ठूलो तापक्रमको उतार-चढाव हुने अपेक्षा गरिएको छैन। यस्तै उप-हिमाली पश्चिम बंगाल र सिक्किममा पनि सुख्खा मौसम जारी रहनेछ। दार्जिलिङ, जलपाईगुडी र बिहार जिल्लामा बिहानको समयमा हल्कादेखि मध्यम कुहिरो लाग्न सक्छ

****** ० ******